वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १७७ | २०८३ कात्तिक १८ गते बुधबार, नेपाल सम्वत् ११४६ November 04, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



थानीमाईलाई एकैदिन ९१ फूलको डोली, करिब १० हजार भक्तजनको उपस्थित

तनहुँको भानु नगरपालिका-७ वसन्तपुरस्थित प्रसिद्ध धार्मिकस्थल थानीमाई मन्दिरमा कार्तिक महिनाको तेस्रो मंगलबार एकैदिन ९१ वटा फूलको डोली चढाइएको छ । आटे चाहेको मनोकामना पूरा हुने धार्मिक विश्वासका साथ तनहुँसहित विभिन्न जिल्लाबाट आएका भक्तजनले पञ्चेबाजासहित फूलको डोली चढाएका हुन् ।

मन्दिर संरक्षण समितिका अध्यक्ष जीवन थापा मगरका अनुसार भित्र्याइएका डोलीमध्ये तनहुँका ४२, लमजुङका ३२, गोरखाका १३ र काठमाडौंका दुईवटा रहेका छन् । सोमबार राति मन्दिर परिसरमा ४२१ जना भक्तजन जाग्राम बसेर बत्ती बालेका थिए । मंगलबार मात्रै करिब दश हजार हाराहारीका भक्तजनले मन्दिरको दर्शन गरेको उनले बताए ।

थानीमाई मन्दिरमा फूलको डोली चढाउने विशिष्ट धार्मिक परम्परा छ । भक्तजनले पञ्चेबाजाको तालमा नाचगान गर्दै फूलको डोलीसहित मन्दिरको तीनपटक परिक्रमा गर्छन् । त्यसपछि मन्दिर परिसरमा रहेको देवलमा डोलीसँगै ल्याइएको तोरण एक वा तीन फन्को घुमाएर बाँध्ने र मन्दिरभित्र प्रवेश गरी पूजाआजा गर्ने चलन छ ।

विशेषगरी मनोकामना पूरा भएपछि भक्तजनले सोमबार राती घरमा सत्यनारायणको पूजा लगाएर फूलको डोली चढाउन मन्दिरमा लिएर आउने परम्परा रहेको छ । कात्तिक र माघ महिनाको प्रत्येक मंगलबार यहाँ विशेष मेला लाग्ने गर्दछ। एकादशी, औंशी, सोह्रश्राद्ध र साउन महिनाभर भने मन्दिरको ढोका बन्द रहने मन्दिर संरक्षण समितिले जनाएको छ ।

समुद्री सतहबाट करिब एक हजार दुई सय मिटर उचाइमा रहेको थानीमाई मन्दिर धार्मिक आस्थाका साथै प्राकृतिक सौन्दर्यका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । मन्दिर परिसरबाट मिर्लुङकोट,तनहुँसुर, छिम्केश्वरी लगायतका उच्च पहाड, उपत्यका, बेसीका साथै गोरखाको लक्ष्मीबजार, लिगलिगकोट, पालुङटार, राइनासकोटलगायतका रमणीय क्षेत्र तथा हिमश्रृंखला अवलोकन गर्न सकिन्छ । धार्मिक मेला र प्राकृतिक दृश्यावलोकनका कारण थानीमाईमा भक्तजन तथा पर्यटकको आकर्षण बढ्दै गएको छ ।

वनको आम्दानीबाट बाँझो खेतमा सामूहिक धानखेती, १७ परिवारको खाद्य सुरक्षा सुनिश्चित

३६ रोपनी जग्गामा खेती गरेर वर्षभरि खान पुग्ने अन्न उत्पादन

भञ्ज्याङ समाचारदाता/म्याग्दे

सामुदायिक वनलाई काठ, दाउरा र वन पैदावारको संरक्षण तथा व्यवस्थापनमा मात्र सीमित राख्ने प्रचलनबीच तनहुँको एक सामुदायिक वन उपभोक्ता समितिले वनको आम्दानीलाई कृषि उत्पादन र खाद्य सुरक्षासँग जोडेको छ । वनको आम्दानीबाट बाँझो खेत बन्धकीमा लिएर सामूहिक खेती थालेपछि म्याग्दे गाउँपालिका-१, गुणादीका १७ परिवारको खाद्यान्न अभाव हटेको छ ।

वाराही सामुदायिक वन उपभोक्ता समितिले सात वर्षअघि सुरू गरेको यो अभियानले लामो समयदेखि उपयोगविहीन रहेको खेतलाई उत्पादनशील बनाएको छ । पहिले अरूको जमिनमा अधियाँ खेती गरेर आधा उत्पादन मात्रै पाउने किसान अहिले सामूहिक खेतीबाट उत्पादित सबै अन्नका हकदार बनेका छन् । यसले बाँझो जमिनको सदुपयोगसँगै न्यून आय भएका परिवारको खाद्य सुरक्षा र जीविकोपार्जनमा समेत सुधार ल्याएको छ ।

सामूहिक खेतीमा आबद्ध मञ्जु छाक टार्न कठिन हुने उहाँको परिवारलाई अहिले आफ्नै उत्पादनले वर्षभरि खान पुगेको छ। सोही गाउँकी नानी थापामगरको अनुसार पहिले अधियाँ खेती गर्दा उत्पादनको आधा हिस्सा जग्गाधनीलाई बुझाउनुपर्थ्यो भने बाँकी अन्नले पनि वर्षभरि खान



विकका लागि अहिले घरमा अन्नको जोहो कसरी गर्ने भन्ने चिन्ता हटेको छ । केही वर्षअघिसम्म वर्षभरि काम गर्दा पनि परिवारको परिवारले पनि सामूहिक खेतीबाट खाद्यान्नमा आत्मनिर्भर बन्ने अवसर पाएको छ ।

स्थानीय दिलबहादुर रामदामका पुग्दैनथ्यो । उनले भने, "पहिला छ महिनाका लागि अन्न बेसाउनु पर्थ्यो । अधियाँ गर्दा उत्पादनको

बाँकी तेश्रो पेजमा

मेयर कप फुटबलको उपाधी व्यास-१ लाई

भञ्ज्याङ समाचारदाता/दमौली

प्रथम व्यास मेयर कप फुटबल प्रतियोगिताको उपाधि व्यास नगरपालिका-१ ले जितेको छ । व्यास नगरपालिका नगर खेलकुद समितिको आयोजनामा व्यास-३ स्थित बीपी वनवाटिका खेलमैदानमा सम्पन्न फाइनलमा व्यास-८ लाई १-० गोलले



पराजित गर्दै व्यास-१ ले पहिलो संस्करणको उपाधि जितेको हो ।

प्रतिस्पर्धात्मक खेलमा व्यास-१ ले गरेको एकमात्र गोल नै निर्णायक बन्यो । उपाधिसँगै विजेता टोलीले नगद एक लाख रूपैयाँ प्राप्त गरेको छ भने उपविजेता व्यास-८ ले ५० हजार रूपैयाँमा चित्त बुझाएको छ ।

सेमिफाइनलमा व्यास-८ ले व्यास-७ लाई र व्यास-१ ले व्यास-६ लाई पराजित गर्दै फाइनलमा स्थान बनाएका थिए। प्रतियोगितामा व्यास नगरपालिकाका १४ वटै वडाको सहभागिता रहेको थियो ।

प्रतियोगिताले स्थानीयस्तरमा फुटबल खेलको विकास, खेलाडीको प्रतिभा पहिचान तथा वडाबीच आपसी सद्भाव र एकता अभिवृद्धिमा योगदान पुऱ्याएको आयोजकले जनाएको छ ।

समापन कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । खेलकुदले युवाको प्रतिभा प्रस्फुटनसँगै अनुशासन, एकता र स्वस्थ समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो । व्यास-६ का वडाध्यक्ष एवं नगर खेलकुद समितिका अध्यक्ष जीवन गुरूङले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने खेलाडी, प्रशिक्षक, जनप्रतिनिधि, रेफ्री तथा खेलप्रेमीलाई धन्यवाद दिए ।

सम्पादकीय .....

www.bhanjyangnews.com

वनको आम्दानी, समुदायको समृद्धि

सामुदायिक वनलाई रूखबिरूवा जोगाउने, काठदाउरा व्यवस्थापन गर्ने र वन पैदावारको उपयोग गर्ने संस्थाका रूपमा मात्र बुझ्ने गरिएको छ । तर वन संरक्षणको वास्तविक उपलब्धि वन हराभरा हुनुमा मात्र सीमित हुँदैन । वनबाट प्राप्त आम्दानीले उपभोक्ताको जीवनस्तरमा कस्तो परिवर्तन ल्यायो भन्ने कुराले पनि यसको सफलता मापन हुनुपर्छ । तनहुँको म्याग्दे गाउँपालिका-१ स्थित वाराही सामुदायिक वन उपभोक्ता समितिले थालेको सामूहिक खेती यसैको उदाहरण हो । समितिले वनको आम्दानीबाट बाँझो खेत बन्धकीमा लिएर १७ परिवारलाई सामूहिक खेतीमा जोडेको छ । सात वर्षअघि सुरू भएको यो अभियानले उपयोगविहीन जमिनलाई उत्पादनमा ल्याउनुका साथै न्यून आय भएका परिवारको खाद्यान्न अभाव हटाउन सहयोग गरेको छ । पहिले अरूको जग्गामा अधियाँ खेती गर्दा उत्पादनको आधा हिस्सा मात्र पाउने किसान अहिले सामूहिक खेतीबाट उत्पादित सबै अन्नका हकदार बनेका छन् । उनीहरूलाई वर्षभरि खानका लागि अन्नको जोहो गर्ने चिन्ता कम भएको छ ।

यो अभ्यास सामान्य खेती कार्यक्रम मात्र होइन । यसले सामुदायिक वनको आम्दानी समुदायको आधारभूत आवश्यकता पूरा गर्न कसरी उपयोग गर्न सकिन्छ भन्ने देखाएको छ । वनबाट प्राप्त रकम वन व्यवस्थापनमा मात्रै खर्च गर्नुपर्छ भन्ने साँघुरो सोचभन्दा माथि उठेर उत्पादन, खाद्य सुरक्षा र विपन्न परिवारको जीविकोपार्जनमा लगानी गर्दा प्रत्यक्ष लाभ समुदायमै पुग्छ । वन संरक्षणमा उपभोक्ताले गरेको योगदानको प्रतिफल पनि उनीहरूकै जीवनमा देखिनुपर्छ । नेपालका धेरै ग्रामीण क्षेत्रमा खेतीयोग्य जमिन बाँझो रहने र अर्कोतर्फ खाद्यान्नका लागि बजारमा निर्भर हुनुपर्ने अवस्था छ । गाउँमा श्रमशक्ति र जमिन हुँदाहुँदै पनि लगानी, साधन र व्यवस्थापनको अभावमा खेती विस्तार हुन सकेको छैन। यस्तो अवस्थामा सामुदायिक वनले आफ्नो आम्दानीको केही हिस्सा उत्पादनमूलक काममा लगाउन सके बाँझो जमिनको उपयोग, स्थानीय रोजगारी र खाद्य सुरक्षामा सहयोग पुग्न सक्छ । यसका लागि स्थानीय आवश्यकता पहिचान गरी पारदर्शी र व्यावहारिक योजना बनाउन आवश्यक छ ।

तर सामूहिक खेतीलाई दीर्घकालीन र प्रभावकारी बनाउन थप सहयोग पनि उत्तिकै जरूरी छ । वाराही सामुदायिक वनका उपभोक्ताले धान काट्ने मेसिन र खेत जोत्ने ट्याक्टरको आवश्यकता औंल्याएका छन् । कृषि उपकरण, उन्नत बीउ, प्राविधिक ज्ञान र बजारको पहुँच सुनिश्चित गर्न सके उत्पादन लागत घटाउन र आम्दानी बढाउन सकिन्छ । सामुदायिक वन, स्थानीय तह र कृषि क्षेत्रका निकायबीच समन्वय गरी यस्ता आवश्यकता पूरा गर्ने व्यवस्था मिलाउनुपर्छ। साथै, सामूहिक खेतीको सञ्चालन पारदर्शी, सहभागितामूलक र सबै लक्षित परिवारका लागि समान अवसरयुक्त हुनुपर्छ । सामुदायिक वनको आम्दानी परिचालन गर्दा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण र स्थानीय उत्पादन वृद्धिलाई प्राथमिकता दिन सकिन्छ । यसका लागि वन उपभोक्ता समूहले आफ्नो कोषको अवस्था, समुदायको आवश्यकता र सम्भावित प्रतिफलका आधारमा कृषि, पशुपालन तथा अन्य आयआर्जनका क्षेत्रमा लगानी गर्नुपर्छ । वनको स्रोतलाई उपभोक्ताको आर्थिक अवस्थासँग जोड्न सके संरक्षणप्रतिको अपनत्व र सहभागिता पनि बढ्छ ।

वाराही सामुदायिक वनको अभ्यास अन्य वन उपभोक्ता समितिका लागि पनि सिकाइ बन्न सक्छ । वन जोगाउनु महत्वपूर्ण छ, तर वनबाट प्राप्त लाभ समुदायको जीवनमा पुग्नु अझ अर्थपूर्ण हुन्छ । रूखबिरूवा संरक्षणसँगै बाँझो जमिनमा खेती विस्तार, विपन्न परिवारको खाद्य सुरक्षा र स्थानीय उत्पादन वृद्धि गर्न सके सामुदायिक वनको भूमिका अझ प्रभावकारी बन्नेछ । वनको हरियालीसँगै उपभोक्ताको भान्सामा अन्न र जीवनमा समृद्धि थपिनु नै सामुदायिक वनको सार्थक उपलब्धि हो ।



सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई पत्र

प्रिय प्रयोगकर्ताज्यूहरु, नमस्कार !

आज यो पत्र लेखिरहँदा म तपाईँहरूलाई कुनै उपदेश दिन वा सामाजिक सञ्जालको न्यायाधीश बनेर निर्णय सुनाउन लागेको होइन । केवल एउटा नागरिकको नाताले आफ्ना केही मनका कुरा राख्न खोज्दैछु। म पनि तपाईँहरूजस्तै हरेक दिन स्क्रिनको कृत्रिम उज्यालोमा आफ्ना औंलाहरु चलाइरहन्छु। अरूका खुसीमा मुस्कुराउने गर्छु। तर त्यही स्क्रिनभित्र देशका जल्दाबल्दा समस्याबारे केही प्रस्तुतकर्ताहरूले सत्यलाई तोडमोड गरी भ्रम फैलाएको देख्दा मन खिन्न हुन्छ ।

आज हामीले आफैंलाई एउटा प्रश्न सोध्नुपर्ने भएको छ- हामीले सामाजिक सञ्जाललाई प्रयोग गरिरहेका छौं कि सामाजिक सञ्जालले हामीलाई प्रयोग गरिरहेको छ ? के हामीले यसलाई देश र जनताको हितमा प्रयोग गरिरहेका छौं कि अहितमा ? यही प्रश्नको सेरोफेरोमा रहेर मैले यो पत्र लेख्ने प्रयास गरेको छु।

प्रविधिको तीव्र विकाससँगै हाम्रा हातहातमा आइपुगेको एउटा सानो स्क्रिनले सिङ्गो संसारलाई हामीसँग जोडिदिएको छ। तर बिस्तारै यही स्क्रिनले हाम्रा सहज अवसर दिएको छ। मलाई पनि चिनुन्, मेरो कुरा पनि सुनुन्, मलाई पनि हेरून्' भन्ने चाहना सामाजिक सञ्जालमा बढ्दै गएको छ। आफ्नो पहिचान खोज्नु गलत होइन, आफ्नो प्रतिभा देखाउनु वा सुन्दर देखिन चाहनु पनि स्वाभाविक हो।

यसैबिच देशभित्र रोजगारी नपाएर टोलाइरहेका युवा हुन् वा वैदेशिक रोजगारीका क्रममा परदेशको एउटा कोठामा एकाकीपनसँग जुधिरहेका नेपाली दाजुभाइ–ती सबैका लागि सामाजिक सञ्जाल मनको बह पोख्ने र समय कटाउने एउटा चौतारी बनेका छन् ।

अर्कोतिर सञ्जालमा भड्किलो प्रदर्शन भइरहेको छ। कसैको वास्तविक जीवनभन्दा सामाजिक सञ्जालमा देखाइएको जीवन बिलकुल फरक हुन सक्छ, तर हामी अरूको त्यही देखावटी सुन्दर जीवन हेरेर आफ्नो वास्तविक जीवनसँग तुलना गर्दै भित्रभित्रै उदास र एक्लो बन्दै जान्छौं ।

हामीले बुझ्न आवश्यक छ- सामाजिक सञ्जालमा देखिएको प्रत्येक कुरा सत्य हुँदैन। फोटो सम्पादन हुन सक्छ, भिडियो काँटछाँट गरिएको हुन सक्छ वा कसैले आफ्नो दुःख लुकाएर सुख मात्र देखाएको हुन सक्छ ।





सामाजिक मूल्य-मान्यता, आत्मीयता र वास्तविक सम्बन्धहरूलाई भने खुम्च्याउँदै लगेको महसुस हुन थालेको छ। हिजोसम्म चौतारी र आँगनमा साटिने आत्मीय गफगाफहरु आज सामाजिक सञ्जालमा सीमित हुन पुगेका छन् ।

सञ्चारलाई सहज र अभिव्यक्तिलाई स्वतन्त्र बनाउन विकसित भएको यो प्रविधि आज नेपालको परिप्रेक्ष्यमा भने सत्यलाई तोडमोड गर्ने, सामाजिक विकृति, देखावटी जीवन र मानसिक तनावको माध्यम पनि बन्दै गइरहेको छ । सामाजिक सञ्जाल आफैंमा खराब होइन; यसको प्रयोग गर्ने हाम्रो प्रवृत्ति र त्यसमा देखिन थालेका विकृतिहरु भने चिन्ताको विषय बनेका छन्।

सामाजिक सञ्जाल हाम्रो जीवनको एउटा महत्त्वपूर्ण हिस्सा बनिसकेको छ। मोबाइल हातमा लिएपछि केही सेकेन्डमै संसारको ठूलो मञ्च हाम्रो अगाडि खुल्छ। निःशुल्क सामाजिक सञ्जालमा लेख्न, बोल्न, फोटो राख्न, भिडियो बनाउन र आफ्नो विचार संसारभर पुऱ्याउन कुनै ठूलो तयारी, वा अनुमति आवश्यक पर्दैन। यही सहजता यसको सबैभन्दा ठूलो शक्ति बनेको छ। तर दुःखको कुरा, यही सहजता विकृति फैलाउने माध्यम पनि बन्दै गएको छ ।

सामाजिक सञ्जालले हरेक व्यक्तिलाई आफ्नो पहिचान र प्रतिभा प्रस्तुत गर्ने हुन सक्छ ।

समस्या त्यतिबेला सुरू हुन्छ, जब पहिचानभन्दा प्रदर्शन ठूलो हुन्छ, वास्तविकताभन्दा देखावट ठूलो हुन्छ र कामभन्दा 'लाइक' तथा 'भ्युज' महत्त्वपूर्ण बन्न थाल्छ । अर्को गम्भीर समस्या हो- जिम्मेवारीबिनाको अभिव्यक्ति ।

जहाँ उत्तरदायित्वको बोध हुँदैन, त्यहाँ छाडापनले ठाउँ पाउँछ। फेक एकाउन्टको आडमा वा सस्तो लोकप्रियताको होडबाजीमा कसैको वर्षौंको प्रतिष्ठा छिनभरमै धुलोमा मिलाइदिँदा, कसैको चरित्रहत्याको अट्टहास गर्दा वा अमर्यादित भाषा प्रयोग गर्दा हामीले कसैको जीवन कति अस्तव्यस्त बनाइरहेका छौं भन्ने चेतसमेत हराउँदै गएको छ ।

कुनै कुरा पोस्ट, कमेन्ट वा सेयर गर्नुअघि एकपटक सोचौं–के यो सत्य हो? के यो आवश्यक छ ? यसले कसैलाई अनावश्यक चोट त पुऱ्याउँदैन? यसले समाजमा भ्रम वा घृणा त फैलाउँदैन? यदि यही कुरा मेरो वा मेरो परिवारको बारेमा लेखिएको भए मलाई कस्तो लाग्थ्यो? यी सामान्य प्रश्नले हामीलाई सामाजिक सञ्जालमा जिम्मेवार र मर्यादित बन्न मद्दत गर्छन्।

प्रिय प्रयोगकर्ता, सामाजिक सञ्जालमा देखिएका केही तस्बिरहरु यहाँ उल्लेख गर्न गइरहेको छु ।

- सञ्चार माध्यमको तीव्र विकासले आज संसारलाई साँच्चिकै सानो बनाइदिएको छ। विश्वका कुनाकाप्चामा भइरहेका घटनाहरु पलपलमै हाम्रो मोबाइलको स्क्रिनमा आइपुग्छन्। देशभित्र घटेका घटनाहरु पनि केही क्षणमै सामाजिक सञ्जालमा बहसको विषय बन्छन्। तर अचम्म के छ भने, ती बहसहरु कतिपय अवस्थामा ३६ घण्टा नबित्दै नयाँ घटना र नयाँ विषयले विस्थापित गरिसकेका हुन्छन्। हिजो निकै ठूलो देखिएको विषय आज सामाजिक सञ्जालको भीडमा कतै हराइसकेको हुन्छ ।
- राजनीतिक दलहरु पनि संगठन विस्तार र जनतासँग प्रत्यक्ष संवाद गर्नुभन्दा सामाजिक सञ्जालमा आफ्नो उपस्थिति बढाउन बढी केन्द्रित हुन थालेको देखिन्छ। पार्टीका नेता, कार्यकर्ता र समर्थकहरूबिच हुने तिक्ततापूर्ण बहस, आरोप-प्रत्यारोप र व्यक्तिगत कटाक्षले सामाजिक सञ्जालको वातावरणलाई समेत अस्वस्थ र दुर्गन्धित बनाउँदै गएको देखिन्छ । विचार र नीतिमाथिको बहसभन्दा व्यक्ति र समूहबिचको विवादले बढी स्थान पाउन थालेपछि जनता पनि यस्ता गतिविधिप्रति संवेदनशील बन्न थालेका छन् ।
- आधुनिक विज्ञानले हामीलाई सामाजिक सञ्जालजस्तो ठूलो मञ्च दिएको छ। शिक्षा र ज्ञान हासिल गर्न एआईजस्ता प्रविधिहरु उपलब्ध गराएको छ। यी प्रविधिले हाम्रो जीवनलाई सहज र सुन्दर बनाउने अवसर दिएका छन् । तर दुःखको कुरा, केही व्यक्तिले यस अवसरको दुरूपयोग गर्दा यो सुन्दर मञ्च भताभुङ्ग र कुण्ठित बन्दै गएको देखिन्छ ।
- सामाजिक सञ्जालमा केही व्यक्ति र समूहहरु गलत कुरालाई पनि सही साबित गर्न तथा प्रश्न उठेका विषयमा भ्रम सिर्जना गर्न चर्को स्वरमा प्रस्तुत भइरहेका देखिन्छन्। कतिपय आफैं भ्रममा परेर त कतिपय अरूको प्रभाव वा स्वार्थबाट सञ्चालित भएर सामाजिक सञ्जालमा सक्रिय भइरहेका छन्। यसले सत्य र असत्यबिचको सीमा झन् धमिलो बनाउँदै गएको देखिन्छ।
- सामाजिक सञ्जालमा कुनै मुद्दाहरूको प्रस्तुति सकारात्मक छ भने सकारात्मक प्रतिक्रियाहरु आउने र नकारात्मक प्रस्तुति हुँदा गालीगलौज तथा आक्रोशपूर्ण प्रतिक्रियाहरु आउने गरेको देखिन्छ। यसबाट के बुझ्न सकिन्छ भने समाज सकारात्मक कुरा सुन्न र स्वीकार गर्न चाहन्छ; नकारात्मकता,

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ।

वृष
नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

मिथुन
टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ।

कर्कट
उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ।

सिंह
आँना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

कन्या
समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ। तापनि नयाँ काममा जग बसाउने समय छ।

तुला
कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग वादविवाद हुन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला।

वृश्चिक
खर्च लागे पनि रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। अतिथिका रूपमा मानसम्मान प्राप्त होला।

धनु
व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्।

मकर
उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ।

कुम्भ
परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। अरूको बारेमा चासो लिँदा व्यर्थै झमेला बढ्न सक्छ।

मीन
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ।

सामाजिक सञ्जाल प्रयोगकर्ताहरू .....

कटुता र विभाजनकारी प्रस्तुतिप्रति भने समाजको असन्तुष्टि बढ्दै गएको देखिन्छ।

- केही सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको प्रस्तुतिमा अत्यधिक नकारात्मक टिप्पणी आउँदा पनि प्रस्तुतकर्तामा कुनै परिवर्तन नदेखिएको पाइन्छ। जति आलोचना आए पनि आफ्नो प्रस्तुतिमा सुधार ल्याउनुको सट्टा त्यसलाई बेवास्ता गर्दै अगाडि बढिरहेको देखिन्छ। यस्तो प्रवृत्ति देख्दा पुरानो उखान "नाङ्गो नाचे हजार दाउ" भन्ने सम्झना आउँछ। मानिसले सामाजिक मर्यादा, लाज, शरम सबैलाई तिलाञ्जली दिएपछि जस्तोसुकै आलोचनालाई पनि आफ्नो सफलता देख्न थाल्छन् ।
- केही प्रयोगकर्ताहरु गम्भीर विषय र सामाजिक मुद्दामा केन्द्रित हुनुभन्दा केवल सञ्जालमा उठेका महत्त्वपूर्ण प्रसङ्गहरूलाई चुट्किला बनाउँदै स्टाटस लेख्ने वा व्यङ्ग्य पस्केर मात्रै आफ्नो उपस्थिति जनाइरहेका देखिन्छन् । यसरी गम्भीर विषयहरूलाई हलुका ढङ्गले प्रस्तुत गर्ने होडबाजीले गर्दा वास्तविक र महत्त्वपूर्ण मुद्दाहरु ओझेलमा पर्दै गएको देखिन्छ।
- अमेरिकामा ट्रम्प समर्थक हरूले क्यापिटल हिल कब्जा गर्दा होस् वा प्रदर्शनकारीहरूले पेरिस र दिल्लीका सडकमा सशक्त प्रदर्शन गर्दा, त्यहाँका सरकारका तर्फबाट उनीहरु विरूद्ध एउटा बन्दुकसम्म पड्किएको थिएन । तर हाम्रो गणतन्त्रका सञ्चालकहरूले चैत र भदौ महिनामा जनतामाथि गोली वर्षाएपछि सत्ता बाहिर हुन पुगेकाहरूबाट जनताले शान्तिका आवाजहरु सुन्न चाहिरहेको अवस्थामा पनि अझै हिंसात्मक धम्कीपूर्ण आवाजका तस्बिरहरु सामाजिक सञ्जालमा देखिन थालेका छन्।
- सर्वोच्च अदालतका तेस्रो वरियताक्रमका न्यायाधीश लगायत अन्य न्यायाधीशहरूले बिचौलियालाई होटलमा भेटेको भनी दिएको बयानभन्दा सरकारले एउटा मिडिया हाउससँग गरेको सोधपुछको विषयले सामाजिक सञ्जालमा बढी चर्चा र महत्त्व पाएको देखियो । जिम्मेवार राजनीतिक दलहरु पनि सुशासनका सवालमा भन्दा आफ्नै अधिकारका विषयमा बढी चिन्तित देखिए ।

प्रिय प्रयोगकर्ताज्यू,

राष्ट्रिय गान सुन्दा हरेक नेपालीको छाती गर्वले फुल्छ । तर उही नेपाली समाजलाई सामाजिक सञ्जालको स्क्रिनमा हेर्दा भने अर्कै तस्बिर देखिन्छ । यति सानो जनसंख्या र आत्मीय सामाजिक सम्बन्ध भएको देशमा पनि एक-अर्काप्रति पोखिएको आक्रोश र नकारात्मक टिप्पणीहरु देख्दा "हामी कता गइरहेका छौं ?" भनेर गम्भीर भएर सोच्न बाध्य बनाउँछ ।

विभिन्न गतिविधिका कारण सामाजिक सञ्जालजस्तो प्रभावकारी थलो नै आज विश्वसनीयताको प्रश्नको घेरामा उभिएको छ। सत्य र सही सूचना पाउने विश्वासिलो माध्यम बनेको यही सञ्जाल आज दुरूपयोगका कारण कुन कुरा पत्याउने र कुन नपत्याउने भन्ने प्रश्न भित्र अलमलिएको देखिन्छ ।

सामाजिक सञ्जाललाई नियन्त्रण गर्ने जिम्मेवारी सरकारको मात्र होइन । यसको दुरूपयोग रोक्न स्पष्ट नीति, कानुन र प्रभावकारी नियमनकारी संयन्त्र आवश्यक छ । तर नियमनको नाममा नागरिकको अभिव्यक्ति स्वतन्त्रता बन्धक बन्नु हुँदैन ।

सरकारले मात्रै कानुनको डन्डा चलाएर सबै कुरा नियन्त्रण गर्न सम्भव नहुने हुँदा, सामाजिक सञ्जालका प्रयोगकर्ता हामी स्वयं यसको पहिलो नियमनकर्ता हुनुपर्छ।

अन्ततः सामाजिक सञ्जाल एउटा ऐना हो । त्यसमा हामीले जे देखाउँछौं, त्यसैको प्रतिबिम्ब देखिन्छ । ती प्रतिबिम्बहरूले हाम्रो आफ्नो सोच, परिवार को संस्कार र आफू कस्तो समाजमा हुर्केको भन्ने तस्बिर देखाउँछ। हामीले सामाजिक सञ्जाललाई आफ्नो जीवनको मालिक होइन, साधन बनाऔं जसले समाजलाई विभाजित होइन मानिसहरूलाई जोड्ने काम गरोस् । यस डिजिटल दुनियाँभन्दा माथि सधैं मानवता रहोस् ।

त्यसैले प्रश्न केवल 'सामाजिक सञ्जाल कस्तो भयो ?' भन्ने होइन, 'हामी सामाजिक सञ्जालमा कस्ता हुँदै गइरहेका छौं ?' भन्ने पनि हो। हामीले त्यसमा के लेख्छौं, के देखाउँछौं, के विश्वास गर्छौं र के फैलाउँछौं- त्यसैले सामाजिक सञ्जालको चरित्र निर्माण हुन्छ ।

www.bhanjyangnews.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
कात्तिक २१ गते शनिबार
१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

वनको आम्दानीबाट .....

आधा मात्रै पाइन्थ्यो । अहिले खेतीबाट भएको सबै अन्न घर लैजान पाएका छौं ।"

समितिले ३६ रोपनी खेत आठ लाख २६ हजार रूपियाँमा बन्धकी लिएर सामूहिक खेती सञ्चालन गरेको छ । खेतीमा सहभागी हुन इच्छुक परिवारले निवेदन दिएर एक हजार पाँच सय रूपैयाँ धरौटी बुझाउनुपर्ने व्यवस्था गरिएको छ। उक्त जग्गामा धान, आलु र मकै खेती हुँदै आएको छ । समितिका अध्यक्ष मुक्तिनाथ खनालका अनुसार खेतीमा आबद्ध प्रत्येक परिवारले वार्षिक औसत १७ मुरी धान प्राप्त गर्ने गरेका छन् ।

सामुदायिक वनको आम्दानीलाई उपभोक्ताको जीवनस्तर सुधारमा परिचालन गर्दा वन संरक्षणको लाभ समुदायमै फर्किएको छ । वनबाट प्राप्त रकम वन व्यवस्थापनमा मात्र खर्च नगरी उत्पादन र आयआर्जनसँग जोड्न सके स्थानीयस्तरमै रोजगारी तथा खाद्य सुरक्षाको आधार तयार गर्न सकिने उदाहरण वाराही सामुदायिक वनले दिएको छ ।

डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाट सामुदायिक वनको आम्दानीलाई गरिबी न्यूनीकरण र महिला सशक्तीकरणसँग जोडेर उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु अनुकरणीय अभ्यास भएको बताउँछन् । वनको स्रोतलाई उपभोक्ताको आर्थिक तथा सामाजिक अवस्थासँग जोड्न सके सामुदायिक वनको औचित्य अझ फराकिलो हुने उनको भनाइ छ ।

सामूहिक खेतीलाई थप प्रभावकारी र व्यावसायिक बनाउन उपभोक्ताले कृषि उपकरणको आवश्यकता औंल्याएका छन् । धान काट्ने मेसिन र खेत जोत्ने ट्याक्टर अनुदानमा उपलब्ध गराउन उनीहरूले माग गरेका छन् । आवश्यक उपकरण र प्राविधिक सहयोग उपलब्ध भए खेतीको लागत घटाउनुका साथै उत्पादन बढाउन सकिने उनीहरूको अपेक्षा छ ।

वाराही सामुदायिक वनको अभ्यासले सामुदायिक वनको सफलता रूखबिरूवा जोगाउने र वनको क्षेत्रफल बढाउने काममा मात्र मापन नहुने देखाएको छ । वनको आम्दानीबाट बाँझो जमिनमा खेती विस्तार गरी विपन्न परिवारको भान्सासम्म अन्न पुऱ्याउन सक्नु पनि वन संरक्षणको महत्वपूर्ण उपलब्धि हो । यस्तो अभ्यासलाई अन्य सामुदायिक वनले समेत अपनाउन सके वन संरक्षणसँगै ग्रामीण अर्थतन्त्र र खाद्य सुरक्षामा उल्लेख्य योगदान पुग्न सक्छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश
स्थानीय फूलको उपयोग सम्बन्धमा



यस नगरपालिकाद्वारा प्रवर्द्धित देहाय कृषक एवं नगरभित्र पुष्प खेती गर्नुभएका अन्य कृषकहरूद्वारा उत्पादित सयपत्री तथा मखमली फूल नजिकिदै गरेको तिहार, छटपर्व लगायत विभिन्न चाडपर्व, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरूमा प्लाष्टिकजन्य कृत्रिम फूलमालाको सट्टा प्रयोग गरी स्थानीय उत्पादन उपभोगमा सहयोग गरिदिनुहुन सम्पूर्ण नगरवासी, सरकारी तथा गैरसकारी संघसंस्था, व्यवसायी तथा सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ ।

फूल खेती गर्ने कृषकहरूको विवरण :

क्र.सं.	फूल खेती गर्ने कृषक/फर्म	ठेगाना	सम्पर्क नं.	कैफियत
१	चापाघाट कृषि फर्म (विष्णु माया श्रेष्ठ)	व्यास ५	९८६६००१५५२	सयपत्री+मखमली
२	कृष कृषि तथा पशु फर्म (तारा देवि श्रेष्ठ)	व्यास १०	९८०६६८९२३०	सयपत्री
३	मानतिरी वर्ड फर्म (मान बहादुर आले)	व्यास १३	९८०५८४०२०४	सयपत्री+मखमली
४	गौरी पण्डित क्षेत्री	व्यास ४	९८१६६६०८३१	सयपत्री
५	टिका माया कैनी	व्यास ११	९८४६१३७९६९	सयपत्री
६	चन्द्रावती कमली	व्यास ११	९८४६२३६०५७	सयपत्री
७	गोमा दाहाल	व्यास ११	९८४६६२९९८३	सयपत्री



"उद्यमशिलताको लागि हातेमालो"
दर्ता नं. ०७/०७५/०७६
तपाई हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tapai Hamro Saving and Credit Co-operative Ltd.
Shuklagandaki Municipality-4, Dulegaunda, Tanahun, Phone No.: 065-414451
Email: tapaihamrosahakari@gmail.com
ऋण रकम भुक्तानी गर्न आउने ७ (सात) दिने सूचना
तेस्रो पटक सूचना प्रकाशन मिति : २०८३/०७/१८ गते
यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋणको भाखा म्याद भित्र बुझाउनुपर्ने किस्ता (साँवा, ब्याज) नतिरी नबुझाई रकम बाँकी नै राखि उक्त ऋण लिँदा गरिएको ऋण सम्बन्धि शर्त सम्झौता उल्लंघन गर्नु भएकाले पटक पटक मौखिक एवं लिखित ताकेता गरी ऋणको बुझाउनु पर्ने रकम र साँवामा लागेको ब्याज तथा थप अन्य दै-दस्तुर समेत भुक्तानी गरिदिन हुन अनुरोध गर्दा समेत उक्त ऋणको बुझाउनुपर्ने रकम भुक्तानी गर्नतर्फ ऋणी तथा सुरक्षण धनी समेतले कुनै चासो नदेखाई आलटाल गरी ऋण रकम बाँकी नै रहेकोले यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** आफुले लिएको ऋण रकमको बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य थप दै-दस्तुर समेत बुझाउन तथा चुक्ता फुर्छयौट गर्न आउनुहुन सम्बन्धित ऋणी तथा चल/अचल सम्पति धनी एवं ऋणको लागि धनजमानी दिने व्यक्तिलाई पनि यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा, नेपाल सरकारद्वारा प्रकाशित **सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५** साथै संस्थाको विनियम, संस्थाको ऋण नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी ऋण असुल उपर गरिने छ । साथै लिलाम बिक्रीबाट ऋण असुल उपर नभएमा निज तथा जमानत दिने व्यक्तिको एकाघरको नाममा रहेको चल/अचल सम्पति समेत सम्बन्धित निकायबाट रोक्का राखी, कानुन बमोजिम कारबाही गरी ऋण रकम असुल उपर गरिलिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।
तपशिल

ऋणी सदस्यको विवरण :	व्यक्तिगत धन जमानतको विवरण
नाम : प्रकाश वि.क **बुबाको नाम:** कृष्ण बहादुर वि.क (जग्गाधनी) **बाजेको नाम:** विर बहादुर वि.क **ना.प्र.पा** : ९४५६९ **जारी मिति र स्थान :** २०६३/०७/०९, तनहुँ **स्थायी ठेगाना :** ढोरफिर्दी गा.वि.स-०३, तनहुँ **हालको ठेगाना** : शुक्लागण्डकी न.पा-०८, तनहुँ	**नाम** : बाल कृष्ण वि.क **बुबाको नाम:** कृष्ण बहादुर वि.क **बाजेको नाम** : विर बहादुर वि.क **ना.प्र.पा** : ७३६८४ **जारी मिति र स्थान** : २०६१/०४/१८, तनहुँ **स्थायी ठेगाना :** ढोरफिर्दी गा.वि.स-०३, तनहुँ **हालको ठेगाना** : शुक्लागण्डकी न.पा-०८, तनहुँ

धितोको विवरण : मालपोल कार्यालय तनहुँ कृष्ण बहादुर वि.क.को नाममा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स नक्सा सिट नं. ३/प कित्ता नं. २१, ८ को जग्गा क्षेत्रफल ४-९-३-२, १-०-०-० भएको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



धान पाक्यो

तनहुँको भिमाद नगरपालिका-५ ऋषिङपाटनस्थित फाँटमा वर्खे धानखेती पाकेर पहेलपुर । धानखेती पाकेसंगै कृषकहरू काटेर थन्काउने चटारोमा छन्।
तस्विर : भञ्ज्याङ

थानी बज्यै मन्दिरलाई पर्यटन गन्तव्यका रूपमा विकास गरिदै

भञ्ज्याङ समाचारदाता/म्याग्दे

तनहुँको म्याग्दे गाउँपालिका-२, सानोचौतारास्थित थानी बज्यै मन्दिरको सोमबार उद्घाटन गरिएको छ । स्थानीयवासीको पहलमा निर्माण गरिएको मन्दिरको नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य एसबी थापाले उद्घाटन गरेका हुन् । नेता थापाले मन्दिर निर्माणमा स्थानीयवासीले देखाएको सक्रियता प्रशंसनीय रहेको बताउँदै धार्मिक आस्था र विश्वासको साझा धरोहरका रूपमा स्थापित थानी बज्यै मन्दिरले यस क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उनको विश्वास थियो ।

मन्दिर रहेको स्थानबाट अन्नपूर्णलगायत विभिन्न हिमश्रृंखला र चारैतिरका हरियाली डाँडाकाँडा अवलोकन गर्न सकिने भएकाले यसलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने उनले बताएका छन् । म्याग्दे-२ का वडाध्यक्ष सुकबहादुर रानाभाटले स्थानीयवासीको चाहनाअनुसार मन्दिर निर्माण सम्पन्न भए पनि निर्माण कम्पनीका सञ्चालक बमबहादुर थापाले निर्माण कार्यको भुक्तानी पाउन बाँकी रहेको जानकारी दिए । गाउँपालिकामार्फत क्रमागत बजेट विनियोजन गरी मन्दिर क्षेत्रलाई धार्मिक तथा पर्यटकीयस्थलका रूपमा विकास गर्न पहल गर्ने उनले बताए ।



नेपाल कराँते महासंघ गण्डकी प्रदेशका अध्यक्ष मनिराज थापाले मन्दिर क्षेत्रको विकासका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँग सहकार्यको पहल हुँदै आए पनि स्थानीय सरकारले अपेक्षाकृत चासो नदेखाएको गुनासो गरे। मन्दिरसम्म विद्युत् विस्तार गर्न दुईवटा पोल राख्न निवेदन दिएको महिनौं बितिसक्दा पनि सुनुवाइ नभएको उनको भनाइ थियो।

थानी बज्यै आमा समूहकी अध्यक्ष रेखुमाया श्रेष्ठले पर्यटन बोर्डबाट १० लाख रूपैयाँ बजेट विनियोजन भएपछि मन्दिर निर्माण अघि बढाइएको जानकारी गराइन्। ढुंगा र माटोबाट बनेको पुरानो मन्दिर जीर्ण भएपछि नयाँ पक्की मन्दिर निर्माण गरिएको उनले बताइन् । प्रदेश सरकारबाट प्राप्त पाँच लाख रूपैयाँबाट शौचालय, स्टोर रूम तथा स्वागतद्वार निर्माण गर्ने लक्ष्य रहेको उनको भनाई थियो । मन्दिरमा नौमती बाजागाजा सहित डोली भित्र्याउने योजना रहेको पनि उनले जानकारी दिइन्।

थानी बज्यै आमा समूहकी अध्यक्ष श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा वडासदस्यद्वय महेन्द्र रानाभाट र रमेशकुमार अधिकारी, जामुने टोल विकास संस्थाका अध्यक्ष नारायणकुमार श्रेष्ठ, ऋषिकेश टोल विकास संस्थाका अध्यक्ष कमलजंग थापालगायतका वक्ताहरूले मन्दिरलाई धार्मिक आस्थाको केन्द्रसँगै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीयवासी एकजुट भएर लाग्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा मन्दिर स्थापनामा योगदान पुऱ्याउने रूमिमाया थापा, भीमबहादुर थापा, पदमकुमारी श्रेष्ठ, विष्णुमाया श्रेष्ठ, प्रमुख अतिथि एसबी थापा र पुजारी भीमबहादुर थापालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

facebook twitter



बाबाजी
x.com/baabajee

हामी नेपालीहरूको औसत चेतना वा बौद्धिक स्तर कस्तो छ भन्ने कुरा हेर्न नेपाली राजनीतिका केही चर्चित पात्रहरूको स्टाटस र त्यसमा आउने कमेन्ट हेर्नुस् ।
किन बालेनका स्टाटसमा कमेन्टको ओइरो लाग्छ? उनका कस्ता कुरामा मानिसहरू कमेन्ट गर्न ओइरिन्छन् ?
किन गगन थापाले सर्यौंपटक सुशासन, विधि, पद्दति, प्रणाली, जवाफदेहिता र लोकतन्त्रको कुरा गर्दा औषतमा १५,००० लाइक, ५,००० कमेन्ट र १५०० शेयर हुन्थ्यो भने आजको स्टाटसमा ४/५ घण्टामै यत्रो लाइक, कमेन्ट र शेयर आयो होला? किन भने सोसल मिडियाका हाइपर पोलिटिसियनहरूले हामीलाई कन्ट्रोभर्सी सिकाए, एकअर्कालाई हियाउने बानी बसाल्दिए !
खैर, कुनैदिन त हामी सबैलाई आउला नि चेत! गगनजीले उनीहरूलाई उनीहरूकै भाषामा दिएको यो जवाफ सायद उनीहरूले बुझ्ने छैनन् किनकी उनीहरूले जे जति बुझ्थे र बुझ्छन् त्यो ढर्रा त देखाइसकेका जो छन् !

तनहुँ जलविद्युत्को जलाशय क्षेत्रमा रूख कटान प्रक्रिया सुरू

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा पर्ने रूख कटान प्रक्रिया अघि बढाइएको छ । यसका लागि आयोजनाले जलाशय क्षेत्रमा पर्ने २५ वटा सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श सुरू गरेको छ।

डिभिजन वन कार्यालय तनहुँको समन्वयमा आयोजित पहिलो चरणको बैठकमा जलाशय क्षेत्रभित्र रहेका रूखको गणना, छपान तथा कटान प्रक्रियाबारे छलफल गरिएको हो । बैठकमा रूख गणना, छपान र कटानका लागि अपनाउनुपर्ने विधि तथा कानुनी प्रक्रियाबारे सामुदायिक वनका प्रतिनिधिलाई जानकारी गराइएको थियो ।

आयोजना प्रमुख श्यामजी भण्डारीले जलाशय क्षेत्रका रूख कटानको काम व्यवस्थित रूपमा अघि बढाउन सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श थालिएको बताए। रूख गणना, छपान तथा कटानका क्रममा सम्बन्धित वन समूहको सहभागिता र समन्वयलाई प्राथमिकता दिइएको उनले जानकारी दिए ।

जलाशय क्षेत्रभित्र पर्ने वन व्यवस्थापन आयोजना निर्माण प्रक्रियाकै महत्वपूर्ण हिस्सा भएकाले प्रचलित वनसम्बन्धी कानुन र निर्धारित प्रक्रियाअनुसार काम अघि बढाइने भण्डारीले बताए ।

बैठकमा रूख गणना, छपान तथा कटानका क्रममा उपभोक्ता समूहको भूमिका, सहभागिता र आवश्यक समन्वयका विषयमा समेत छलफल भएको थियो । छलफलका विषयलाई कार्यान्वयनमा लैजान आवश्यक प्रक्रिया अघि बढाउने सहमति भएको आयोजना प्रमुख भण्डारीले जानकारी दिए ।

पृथ्वी राजमार्गमा तीन दुर्घटना, तीन जनाको मृत्यु

भञ्ज्याङ समाचारदाता/दमौली

पृथ्वी राजमार्गअन्तर्गत तनहुँमा भएका छुट्टाछुट्टै तीनवटा सवारी दुर्घटनामा दुई महिलासहित तीन जनाको मृत्यु भएको छ । शुक्लागण्डकी नगरपालिकाका दुई स्थान र व्यास नगरपालिकाको एक स्थानमा भएका दुर्घटनामा उनीहरूको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार शुक्लागण्डकी नगरपालिका-४ पञ्चमुनी चोकमा स्कार्पियोको ठक्करबाट स्थानीय ३६ वर्षीया सबिना गुरुङको मृत्यु भएको छ ।

दमौलीबाट पोखरातर्फ जाँदै गरेको गण्डकी प्रदेशको भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको ग १ झ १४८४ नम्बरको स्कार्पियोले बाटो काट्ने क्रममा गुरुङलाई ठक्कर दिएको थियो। दुर्घटनामा घाइतेलाई सुरूमा तनहुँ सेवा अस्पताल दुलेगौंडामा उपचार गरी थप उपचारका लागि पोखरा पठाइएको थियो । गण्डकी अस्पताल हुँदै मणिपाल शिक्षण अस्पताल पुऱ्याइएकी गुरुङलाई चिकित्सकले मृत घोषणा गरेका थिए । स्कार्पियो र चालक शुक्लागण्डकी-१० मिनमखानीका ४४ वर्षीय रामकाजी गिरी प्रहरी नियन्त्रणमा छन् ।

त्यस्तै, शुक्लागण्डकी नगरपालिका-२ चुहिनेमुढा हलेदीमा मोटरसाइकल दुर्घटनामा घिरिङ गाउँपालिका-५ मोर्चाबारीका ३० वर्षीय बलप्रकाश थापाको मृत्यु भएको छ। दमौलीबाट पोखरातर्फ जाँदै गरेको ग२०प ६११२ नम्बरको मोटरसाइकल चालकले खसेको चस्मा टिप्ने क्रममा सोही दिशाबाट आएको बा १ प ७८१ नम्बरको पर्यटक हायसले ठक्कर दिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा घाइते थापालाई उपचारका लागि पोखरास्थित गण्डकी अस्पताल लगिएको थियो। उपचारकै क्रममा सोमबार साँझ ८:१५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। दुर्घटनामा संलग्न मोटरसाइकल, हायस र हायस चालक धादिङको गजुरी गाउँपालिका-८ किरानचोकका २२ वर्षीय सविन तामाङ प्रहरी नियन्त्रणमा छन् ।

यसैगरी, व्यास नगरपालिका-१२ कमलबारीमा ट्रकको ठक्करबाट पैदलयात्री ७३ वर्षीया बिबा गुरूङको मृत्यु भएको छ। दमौलीबाट डुम्रेतर्फ जाँदै गरेको ग१क ५९५८ नम्बरको ट्रकले देवघाट गाउँपालिका-४ निवासी गुरूङलाई ठक्कर दिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते गुरूङलाई प्रदेश अस्पताल दमौली पुऱ्याइए पनि सोमबार बिहान ११:१८ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। उहाँको शव अस्पतालमै राखिएको प्रहरीले जनाएको छ। ट्रक र चालक लमजुङको मध्यनेपाल नगरपालिका-४ का २४ वर्षीय अमृत बानियाँ प्रहरी नियन्त्रणमा छन् ।

www.bhanjyangnews.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४

@bhanjyangdaily www.bhanjyangnews.com @bhanjyangdaily YouTube @bhanjyangtvonline9